सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १८१ | वि.सं. २०७९ माघ १८ बुधबार | 01, 2023 Wednesday, FEB | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## गृह मन्त्रालयबारे रविलाई ओलीको जवाफ : जे समझदारी हो, त्यही कार्यान्वयन हुनुपर्छ

१७ माघ, काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले मंगलबार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेट गरेका छन् ।बालकोटमा भएको भेटमा रविले सत्ता गठबन्धनमा भएको सहमति अनुसार गृह मन्त्रालय राष्ट्रिय स्वतन्त्र पार्टीले पाउनुपर्ने धारणा राखेका थिए । जवाफमा एमाले अध्यक्ष ओलीले आफूहरु पनि समझदारी कार्यान्वयन हुनुपर्ने पक्षमा रहेको बताएको एमाले स्रोतले बताएको छ ।


फाईल तस्विर

'सरकार निर्माण गर्दा जे समझदारी हो, त्यही नै कार्यान्वयन हुनुपर्छ' ओलीको भनाइ उधृत गर्दै स्रोतले भन्यो, 'तर प्रधानमन्त्रीको कुरा हो ।'

रविसँगको भेटमा ओलीसँगै एमाले उपाध्यक्ष विष्णु पौडेल पनि सहभागी भएका थिए ।

सर्वोच्च अदालतको फैसलापछि पदमुक्त भएका रवि लामिछानेले नेपाली नागरिकताको प्रमाणपत्र लिएपछि फेरि गृह मन्त्रालयमा नै फर्किन खोजेका छन् ।

त्यसका लागि उनले प्रधानमन्त्री प्रचण्डलाई पनि दबाव दिएका छन् । त्यही सिलसिलामा एमाले अध्यक्ष ओलीलाई पनि भेटेका हुन् ।

## थुनुवा फरार प्रकरण : इन्सपेक्टरसहित सबै प्रहरी जिल्ला तानिए, तीन प्रहरी निलम्बित



जनकपुरधाम : धनुषाको इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरको हिरासतबाट ६ थुनुवा फरार भएपछि त्यहाँको सम्पूर्ण प्रहरीलाई जिल्ला तानिएको छ । इन्सपेक्टर बेचन यादवसहित २५ जनाको टिमलाई सोमबार नै जिल्ला तानिएको हो। त्यहाँ रातिको समय डिउटी बसेका तीनजना प्रहरी जवानलाई निलम्बन समेत गरिएको प्रहरी स्रोतले जनाएको छ। इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रन्द्रनगरमा अहिले प्रहरी नायव निरीक्षक (सई) मुक्तिनारायण यादवलाई जिम्मेवारीमा पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । आइतबार राति करिब ३ बजेको समयमा हिरासतको भित्ता फोडेर विभिन्न मुद्दाका ६ जना थुनुवा फरार भएका थिए ।

जसमध्ये हातहतियार मुद्दाका अभियुक्त मिथिला नगरपालिका २ नक्टाझिज बस्ने रोशन महतोलाई प्रहरीले सोमबार साँझ पक्राउ गर्न सफल भएको छ। अन्य ५ थुनुवा अझै पनि फरार छन्। उनीहरुको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

## मेयर सिंह मधेश सरकारको आम संचार प्राधिकरण का अध्यक्ष को नेतृत्वमा आएको टोली सँग भेटघाट तथा छलफल



बीरगन्ज । बीरगन्ज महानगर पालिकाको नगर प्रमुख राजेश मान सिंहले बीरगन्जबाट प्रकाशित र प्रसारित संचार गृह मा कार्यरत संचारकर्मीहरुकोलागी बीरगन्ज महानगर पालिकाले विशेषज्ञ तालीम आम संचार प्राधिकरण सित सहकार्य गरि गर्ने जानकारी दिनु भएको छ। बीरगन्ज महानगर पालिकाको नगर प्रमुख राजेश मान सिंह सित मंगलबार मधेश सरकारको आम संचार प्राधिकरण का अध्यक्ष श्यामसुन्दर यादव को नेतृत्वमा आएको टोलीले भेटघाट गरि छलफल गरेको छ। छलफलमा बीरगन्जको पत्रकारहरुको दक्षता

बाँकी तेश्रो पृष्ठमा

## फैसलाको पूर्णपाठ नआँउदासम्म गृह मन्त्रालय बारे निर्णय लिन्नः प्रम प्रचण्ड



काठमाडौं ,१७माघ :प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रवि लामिछानेको नागरिकतासम्बन्धी मुद्दाको सर्वोच्च अदालतबाट फैसलाको पूर्ण पाठ नआएसम्म गृह मन्त्रालयको नेतृत्वबारे निर्णय नगर्ने बताएका छन् ।

मंगलबार पार्टीको स्थायी कमिटी बैठकमा उनले गृह मन्त्रालयबारे तत्काल निर्णय नगर्ने जानकारी गराएका हुन् ।

उपाध्यक्ष कृष्णबहादुर महराले भने, 'अदालतको फैसलाको पूर्णपाठ नआउँदासम्म गृह मन्त्रालयबारे निर्णय हुँदैन, प्रधानमन्त्रीसँगै रहन्छ ।'

साभार:अनलाइनखबर

## एक महिनामा जथाभावी फोहोर फाल्ने ४० भन्दा बढी संघसंस्था र व्यक्ति कारबाहीमा

वीरगञ्ज, १७ माघ । वीरगञ्ज महानगरपालिकाले सडकमा जथाभावी फोहोर फाल्नेलाई जरिबाना गर्ने अभियान चलाएको एक महिनामा ४० भन्दा बढी संघसस्था तथा व्यक्तिहरु कारबाहीमा परेका छन् ।

गएको पुष १७ गतेदेखि सुरु भएको अभियानको एक महिनामा ९ वटा भन्दा बढी बैंक तथा वित्तीय संस्थाका साथै विभिन्न व्यवसायीक पसल र व्यक्तिहरु जरिबानामा परेका हुन् ।

अभियानको पहिलो दिनमै एनसीसी बैंक कारबाहीमा परेको थियो । सडकमा असरल्ल हुने गरी फोहोर फालेको भेटिएपछि बैंकलाई जरिबाना तिराईएको हो ।

सडक तथा सडक पेटीमा जथाभावी फोहोर नफाल्न पटक पटक सचेत गराउँदा पनि अटेर गरेपछि महानगरले जरिबाना गर्ने अभियानलाई कडाईका




साथ अघि बढाएको हो । महानगरले फोहोर संकलन गर्न आउने समयमा मात्रै ट्याक्टर तथा संकलन गर्न आउनेलाई फोहोर उपलब्ध गराउन आग्रह गर्दै आएको छ ।

फोहोर उठाएर गइसकेपछि पनि पुनः सडकमा ल्याएर फोहोर फाल्ने क्रम नरोकिँदा जरिबाना गर्न बाध्य भएको महानगरका सरसफाई प्रमुख सर्फुद्दिन मियाँले बताए ।

फोहोर संकलन गर्न अहिले महानगरमा साइरन जडित ट्याक्टर हरेक गल्लीगल्लीमा पुग्ने गरेको छ। त्यसका लागि महानगरले कहाँ कुन समयमा फोहोर संकलन गर्न ट्याक्टर तथा संकलनकर्ता पुग्छन् भन्ने तालिका नै बनाएर सार्वजनिक गरेको छ ।

एक महिनाको अवधिमा बैंक तथा वित्तीय संस्थातर्फ एनसीसी सहित गगन बचत तथा ऋण सहकारी संस्था, कृषि विकास बैंक, शिखर इन्स्योरेन्स, ग्लोबल आइएमई बैंक, सिद्धार्थ बैंक, एनआइसी एसिया बैंक, हाम्रो सहारा बचत तथा ऋण सहकारी संस्थालाई जरिबाना गरिएको छ ।

यस्तै पसल तथा व्यक्तिलाई पनि कारबाही गरिएको छ। बैंक तथा वित्तीय संस्था र पसल तथा व्यवसायीले नै सडक तथा सडक पेटीमा जथाभावी फोहोर फाल्दा वीरगञ्जको सरसफाईमा चुनौति थपिएको छ ।

महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह निर्वाचित भएर आएसँगै नगर हरियाली र सरसफाईलाई प्राथमिकता दिँदै अभियान चलाइरहेका छन् ।

अहिले नगर हरियाली र सफा बनाई राख्न सडक, नाला तथा फुटपाथमा राखिएका निर्माण सामग्री तथा भौतिक संरचना हटाउने र फोहोर व्यवस्थापन गर्ने कामका साथसाथै वृक्षारोपण गर्ने काम चलिरहेको छ ।



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


## विमानस्थलको एम्बुसमा पर्यटन व्यवसायी

**गणेशबहादुर थापा**

भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल बन्यो, हर्षबढाइँ भयो । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भयो, धेरै जना गदगद भए । तर दुवै हर्ष बढाइँ र गदगद धेरै टिक्न सकेनन् । पोखराबाट आन्तरिक उडान मात्रै भइरहेको छ, अन्तर्राष्ट्रियतर्फको छेकछन्द छैन ।

भैरहवाबाट सुरु अन्तर्राष्ट्रिय उडान नियमित हुन सकेन । अन्तर्राष्ट्रिय विमानस्थल बन्दा आशावादी देखिएका व्यवसायीहरू यति बेला अनिश्चयमा फसेका छन् ।

पर्यटनको मुख्य चुनौती पूर्वाधार हो । अन्तर्राष्ट्रिय विमानस्थलजस्ता ठूला पूर्वाधारमा सरकारले लगानी गरेपछि पर्यटन व्यवसायमा उत्साह जाग्नु स्वाभाविकै थियो । तर अहिले दुवै नयाँ विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नहुँदा कोही सबैभन्दा दुःखी छ भने त्यो निजी क्षेत्र हो ।

जुनसुकै उद्योगधन्दा चाहे त्यो पर्यटन होस् अर्को कुनै, त्यो निश्चित व्यक्तिको व्यापार-व्यवसाय मात्रै होइन । पर्यटन उद्योग भनेको राज्यले विदेशी मुद्रा आर्जन गर्ने ठूलो स्रोत हो । अन्तर्राष्ट्रिय जगत्मा आफ्नो पहिचान फैलाउने माध्यम पनि हो । रोजगारी सृजना गर्न र स्थानीय उत्पादनको खपत बढाउन यो व्यवसायको महत्त्वपूर्ण योगदान छ । खासमा राज्यले लिएको पर्यटन प्रवर्द्धनको नीतिलाई कार्यान्वयन गर्ने साधक हुन् पर्यटन व्यवसायी । होटल, रेस्टुरेन्ट, ट्राभल, टुर्स र ट्रेकिङ एजेन्सीले राज्यको पर्यटन नीति अनुसार काम गर्ने हुन्, सहयोग त राज्यकै लागि गर्ने हुन् । उनीहरू राज्यका लागि कर संकलन पनि हुन् । देशमा भित्रिएका पर्यटकहरूको व्यवस्थापक हुन् । तर पनि पर्यटन कर्ममा लागेको व्यक्तिले चाहेर मात्रै कुनै विदेशी नेपाल घुमफिरमा आउँदैन । त्यसका लागि राज्यकै नीति चाहिन्छ । राज्यले विभिन्न नीति, कार्यक्रम र योजना बनाएर पर्यटक भित्र्याउनुपर्छ ।

पर्यटन उद्योग ठूलठूला होटल, रिसोर्ट र अन्य गतिविधिमूलक आधार र पूर्वाधारमा लगानी गरेका भरमा चल्दैन । मुख्य आधार राज्यले गर्ने पूर्वाधारको लगानी हो । त्यस्तैमध्येका हुन् भैरहवा वा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल । राज्यले यस्ता ठूला पूर्वाधार लगानी गऱ्यो, पर्यटन व्यवसायी खुसी भए । तर, दायित्व त्यत्तिमै सकियो त ? आजको अहम् प्रश्न यो हो । सरकारले अन्तर्राष्ट्रिय विमानस्थल बनाएर आशा देखाएपछि पर्यटनकर्मी लगायत लगानीकर्ताले सकी-नसकी थरीथरीका लगानी गरे । उनीहरूले पुर्ख्यौली सम्पत्ति लगाए, अन्य क्षेत्रको आम्दानी यता लगाए वा बैंकसँग ऋण लिएर लगानी गरे । देशकै स्रोतसाधन र अवसरलाई सदुपयोग गरी रोजगारी सृजना गर्ने, राज्यलाई कर बुझाउने मनसुबा राख्नु व्यवसायीको कर्तव्य नै हो । पर्यटनमा लगानी गर्नेहरूले बुझेको यत्ति हो । तर अवस्था के हुँदै छ, जगजाहेरै छ । देशमा व्यावसायिक वातावरण सुनिश्चित गराउने दायित्व सरकारको हो । राज्यले आफ्नो दायित्व इमानदारीसाथ पूरा नगर्दा वा लक्षित उद्देश्य प्राप्त गर्न नसक्दा आश्रित व्यवसायी र जनतालाई पुगेको प्रत्यक्ष क्षतिको पूर्ति एक हदसम्म राज्यले बेहोर्नुपर्छ ।

सरकारले सन् २०२० लाई पर्यटन वर्ष मनाउने भनेर धुमधाम तयारी गऱ्यो । जनताबाट उठाएको अर्बौं रुपैयाँ प्रवर्द्धनमा खर्चियो । व्यवसायीले राज्यको भरोसामा परेर अर्बौंको लगानी पर्यटन आधारित व्यवसायमा खर्चिए । तर २०२० को सुरुमै कोरोनाका कारण पर्यटनको आगमन शून्य भयो । भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसँगै सरकारले विभिन्न कार्यक्रम गरेर यसको सञ्चालनपछि वार्षिक लाखौं पर्यटक भैरहवा र लुम्बिनी दर्शनका लागि आउने प्रक्षेपण गऱ्यो । रुपन्देही र आसपासका हजारौं जनतामा आशा देखायो । तर, सरकार विमानस्थल बनायो र निदायो । पर्यटक कसरी ल्याउने भन्नेतिर उसले ध्यानै दिएन । पोखरामा पनि व्यवसायीले दैनिक हजारौं विदेशी पर्यटकको आगमन हुन्छ भनी पर्यटन उद्योगमा लगानी गरेका थिए । सकी-नसकी र बैंकबाट चर्को ब्याजमा कर्जा लिई अर्बौंको लगानी पोखराको पर्यटनमा लगानी भएको छ । बैंक ब्याज असुल्ने ध्याउन्नमा सीमित छ, सरकार आराममा निदाइरहेको छ ।

सरकारले लाखौं पर्यटक देश भित्र्याइदिन्छु भन्ने आशा नदेखाएको भए पर्यटनमा अर्बौं लगानी कसले गर्थ्यो ? विमानस्थल बनाएर आशा देखाएको सरकारले पर्यटक नडाकेपछि व्यवसायीको लगानी फसेको अवस्था छ । अहिलेसम्मको पारा हेर्दा, अन्तर्राष्ट्रिय विमानस्थल त व्यवसायीको लगानी धरापमा पार्ने एम्बुस पो साबित भए । व्यवसायीका लागि त यस्ता ठूला आयोजना पूर्वाधार होइन लगानी फसाउने खाल्डो पो भए । २० औं लाख विदेशी पर्यटक भित्र्याउने सरकारी लक्ष्यमा आधारित रहेर व्यवसायीले लगानी गरेका हुन् । बैंकहरूले व्यवसायीलाई ऋण दिन पत्याएको पनि सरकारले पर्यटक डाक्छ र पर्यटनको लगानी डुब्दैन भनेरै हो । तर योजना कार्यान्वयन ल्याउने कुरामा सरकारको तयारी कच्चा देखियो । कोभिड नियन्त्रणका लागि सरकारले बिनातयारी व्यवसाय बन्द गराएको

बाँकी तेश्रो पृष्ठमा

## तेस्रो जनआन्दोलनको खोजी

**किशोर नेपाल**

यति बेला नेपाल पहिलो र दोस्रो जनआन्दोलन जस्तै तेस्रो जनआन्दोलनको खोजीमा छ । सबैले यो कुरा बुझेका छन्– तेस्रो जनआन्दोलनको स्वरूप अघिल्ला दुई जनआन्दोलनको जस्तो हुनेछैन । किनभने, अनिवार्य समयका रूपमा आउने तेस्रो जनआन्दोलन वर्तमान राजनीतिको निरन्तरताका लागि गरिने आन्दोलन हुनेछैन ।तेस्रो जनआन्दोलनको आवश्यकता नेपाली समाजमा चुलिँदै गएको असमान आर्थिक व्यवस्था, बढ्दो निराशा, निरंकुश रूपमा बढिरहेको गरिबी, देशको युवावर्गको मनमा गाडिँदै गएको अवसादले सृजना गरेको हो । पहिलो र दोस्रो जनआन्दोलनले बनाएको खुला स्पेसको आकर्षणमा परेर उत्साहपूर्वक स्वरोजगारको खोजीमा लागेका प्रेमप्रसाद आचार्यको सपना र कारुणिक जीवनको 'संवैधानिक' हत्यापछि नेपाली समाजले तेस्रो जनआन्दोलनको आवश्यकता महसुस गर्न थालेको छ भने त्यसलाई अन्यथा मान्नु हुँदैन । 'लोकतान्त्रिक गणतन्त्र' का नाममा देशको जुनसुकै भागमा फैलिन थालेको आर्थिक अराजकता र प्रशासनिक अपचलन, समाज र संस्कृतिको अतिशय बेथिति र विकृतिबाट मुक्ति पाउन जनता एक पटक फेरि तात्नु र फेरि गर्जिनु आवश्यक भैसकेको छ ।

नेपाली जनताको संघर्षको पहिलो गाथा कोरेको थियो– २००७ सालको क्रान्तिको सफलताले । त्यो क्रान्तिमा नेपालको शाहवंशीय राजपरिवारको सहभागिता थियो । त्यो क्रान्तिको घोषित उद्देश्य शाहवंशका राजपरिवारको राजनीतिक वर्चस्वको स्थापना मात्रै थिएन । तर, २००७ सालमा 'प्रजातान्त्रिक शासन' को स्थापनासँगै 'राष्ट्रपिता' राजा त्रिभुवन अस्वस्थ भए । उनी अर्धचेतनामा थिए । स्विटजरल्यान्डमा उनको उपचार भए पनि त्यो सफल भएन । उनको अनुपस्थितिमा स्वभावतः राजसिंहासनको हकदारका रूपमा महेन्द्र साधिकार रोलक्रममा उभिएका थिए ।

राजा त्रिभुवन अस्वस्थ रहेको समय महेन्द्रले अतिशय छटपटीमा बिताएका थिए । त्यसैको परिणाम थियो– स्वयं आफ्नै पुर्खाको हातबाट पन्जापत्र पाएर लालमोहोरिया प्रधानमन्त्री बनेका राणावंशको कठोर बन्धनबाट मुक्त भएको एक दशक पनि नबित्दै जनताले २०१५ सालमा मताधिकार प्रयोग गरेर चुनेको प्रजातान्त्रिक सरकारलाई उनले अपदस्थ गरे । उनले अपदस्थ गरेको सरकारको संसद्मा दुईतिहाइभन्दा बढी मत थियो । प्रजातन्त्रका नाममा 'प्रजा' हरूका हातमा शासन सुम्पेर बस्न चाहँदैनथे राजा महेन्द्र । तर, बीपी कोइरालाको नेतृत्वमा आफैंले गठन गरेको सरकार अपदस्थ गरेपछि राजा महेन्द्रले सुख र सन्तोषको सास फेर्न पाएनन् । उनी बाँचुन्जेल बीपी कोइरालाको नामले उनलाई पछ्याइ रह्यो । बीपी कोइराला राजा महेन्द्रका दुस्मन हुनुहुन्नथ्यो, साथी र सहयोगी नै हुनुहुन्थ्यो । राजा महेन्द्र र रानी रत्नको बिहे बीपी कोइरालाकै व्यवस्थापनमा हालको जय नेपाल चित्रघरमा भएको थियो । यो सत्य हो– बीपीलाई राजा महेन्द्र आफ्नो 'निमेसिस' ठान्थे ।

यसपछिको प्रत्येक दशकमा नेपाली जनता छटपटाइरहे । जनताको यो छटपटी २०१७ सालदेखि २०४७ सालसम्म अनवरत जारी रह्यो । राजा महेन्द्रले देश विकासका नयाँ आयामहरू नखोजेका थिएनन्, तर ती सफल भएनन् । भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूले राजा महेन्द्रको पक्षमा काम नगरेका भए उनले बीपी कोइरालालाई सात वर्ष थुन्न सक्दैनथे । सात महिनामै रिहा गर्ने थिए । राजा महेन्द्रको प्रत्यक्ष शासनबाट देशको कुनै पनि वर्ग र समुदाय खुसी थिएन । तैपनि, सक्रिय राजतन्त्र टिकिरह्यो ।

राजा महेन्द्रदेखि राजा वीरेन्द्रसम्म 'हुकुमी शासन' एकछत्र चल्यो । बीपी कोइरालाको नाम र नेतृत्वमा भारतीय भूमिबाट चलाइएको सशस्त्र क्रान्तिको असफलतापछि बीपी कोइराला मेलमिलापको नीतिसहित नेपाल फर्किनुभयो । त्यति बेला नेपालको राजधानी काठमाडौं आन्दोलनमय थियो । त्यही वातावरणमा राजा वीरेन्द्रबाट जनमतसंग्रहको घोषणा भयो । यो जनमतसंग्रहमा राजाको नेतृत्वमा चलेको निर्दलीय पञ्चायत व्यवस्था र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका बीच जनताले एउटा चयन गर्नु थियो । जनमतमा निर्दलीय पञ्चायत व्यवस्था विजयी भयो ।

यसको दस वर्षपछि, देशलाई पारम्परिक राजतन्त्रात्मक शासन व्यवस्थाबाट मुक्त गरेर संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको बाटामा हिँडाउन कांग्रेस र कम्युनिस्टका नामले चिनिएका राजनीतिक दलहरू सफल भए । कांग्रेस र कम्युनिस्टबीच पहिलो रचनात्मक सहकार्यमा भएको २०४६ को राष्ट्रिय जनआन्दोलन निकै कठिनताका साथ सफल भएको थियो । जनआन्दोलनका प्रारम्भिक दिनहरूमा आन्दोलनकारी कार्यकर्ता निकै कम संख्यामा जोगिन सकेका थिए । त्यति बेला आन्दोलनकारीका प्रतिनिधिहरू नेपालमा प्रजातन्त्र स्थापनाका पक्षमा जनमत निर्माण गर्न भारत, जर्मनी, फ्रान्स र बेलायतसम्म पुगेका थिए । झन्डै दुई महिना चलेको आन्दोलनले बिस्तारै गति लिएको थियो । उत्कर्षमा पुग्दा आन्दोलनको रापले 'निर्दलीय पञ्चायत' नामकरण गरिएको व्यवस्था भस्मीभूत भैसकेको थियो । संवैधानिक राजतन्त्र अन्तर्गत बहुदलीय प्रजातान्त्रिक शासन स्थापनाको सर्तमा आन्दोलन रोकिएको थियो ।

संविधान राजाबाटै निःसृत हुने सर्तमा नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई र तत्कालीन माले पार्टीका हर्ताकर्ता मदन भण्डारी सहमत भएका थिए । संविधान बन्यो । चुनाव भयो । कांग्रेस पार्टीले बहुमत पायो । र पनि असल, सक्षम र सुदृढ शासन पद्धतिको स्थापना गर्न असफल रह्यो । कांग्रेसका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले बहुदलीय प्रजातन्त्रलाई व्यवस्थित बनाउन सकेनन् । देशमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको विधिवत् प्रयोग हुनै सकेन । पहिलो जनआन्दोलनले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरे पनि त्यो प्रभावकारी भएन । कांग्रेसले देशमा रहेका विभिन्न शक्तिपुञ्जसँग सन्तुलित राजनीतिक सम्बन्ध स्थापित गर्नै सकेन ।

यसपछि सुरु भयो दोस्रो जनआन्दोलनको मौसम । यो आन्दोलन ख्यालख्याल गर्दागर्दै साह्रै महत्त्वपूर्ण बन्यो नेपालको इतिहासमा । एक दशक लामो माओवादी जनयुद्धसँग जोडिएको दोस्रो राष्ट्रिय जनआन्दोलन जनताद्वारा निर्वाचित संविधानसभाले जनताको संविधान लेख्ने सर्तमा रोकिएको थियो । गणतन्त्र नेपालको संगठनात्मक संरचना गर्ने संविधानसभा (पहिलो भाग) को चुनावमा माओवादी जनयुद्धका कमान्डर प्रचण्ड नेतृत्वको नेकपा (माओवादी) को हैसियत अकासिएको थियो । सेना र प्रहरीका बलिया सूत्रहरू, सरकारबाट निरन्तर सम्मानित हुँदै आएका वरिष्ठ पत्रकारहरू र सक्रिय सूचनाकर्मीहरूको ठूलो भीडले संविधानसभामा माओवादीहरू २० देखि ३५ स्थानमा विजयी हुने प्रक्षेपण गरिरहेको थियो । त्यसका विपरीत, संविधानसभामा माओवादीले सबैभन्दा बढी स्थानमा विजय प्राप्त गरेर आफ्नो हैसियत स्पष्ट पारेको थियो ।

तर, माओवादीहरूमा रहेको विजयोन्माद र पहिलो जनआन्दोलनपछि नेपालका परम्परागत शक्तिका रूपमा स्थापित भएका कांग्रेस र एमालेले प्रदर्शन गरेको अनावश्यक बडप्पनले नयाँ राजनीतिक सन्तुलनको बाटोलाई नबन्दै अवरुद्ध बनाइदियो । त्यति बेला माओवादीहरू अधिकार र सत्ताका लागि हतारिएका थिए । दिव्य बाह्र वर्ष

बाँकी तेश्रो पृष्ठमा

## युवाको राजनीतिक भविष्य

**श्यामप्रसाद मैनाली**

युवाले राजनीतिक भविष्य सुरक्षित राख्न जनताप्रति इमान्दार हुनुपर्छ। अन्यथा राजनीतिक यात्रा अत्यन्त कठिन छ।

विश्वभर शासकीय शैली र संरचनामा सुधार गरी लोकतन्त्रको संस्थागत विकासका लागि युवाको योगदान अतुलनीय छ। समाजका सबै तप्काका मानिसलाई राजनीतिमा प्रतिनिधित्व गराउने व्यवस्था हुनुपर्छ। युवा राजनीतिक मूल प्रवाहबाट बिमुख भए देशकै लागि प्रत्युत्पादक हुन्छ। युवालाई राजनीतिबाट बिमुख गर्दा जीवन्त र महत्त्ववपूर्ण समाजको अवस्था नै देशको नीति निर्माण गर्ने र निर्णय लिने धारबाट अलगिन्छ। राजनीतिमा सहभागिता दिन पाउने सन्दर्भ मौलिक राजनीतिक र लोकतान्त्रिक हक हो। समाजलाई अग्रगमनतर्फ उन्मुख गराउन, स्थायित्व भएको शान्तिपूर्ण समाजको सिर्जना गर्न अत्यावश्यक हुन्छ।

युवाको विशेष प्रकारका आवश्यकताहरूलाई सम्बोधन गर्ने गरी नीति र कार्यक्रम तर्जुमा साथै कार्यान्वयन अत्यावश्यक छ। लोकतन्त्रको संस्थागत विकास राजनीतिमा युवाको सहभागिताको अभावमा कल्पना गर्न सकिन्न। युवाको सहभागिता हुँदा राजनीतिले सार्वजनिक हितमा कार्यक्रमहरू कार्यान्वयन गर्नसम्भव हुन्छ। आविष्कार र असल अभ्यासहरूको प्रयोग गरी समाजलाई द्रुत गतिमा प्रगतिको पथमा अग्रसर गराउन युवा सक्षम छन्। ऊर्जाशील, जोसजाँगर र उत्साह भएका युवावाट देशको समुन्नति र समृद्धि सम्भव हुन्छ।

**विश्व परिवेशमा युवाको राजनीतिक सहभागिता**

विश्वका प्रायः सबै देशका युवाले राजनीतिक परिवर्तनका क्रममा अत्यन्त महत्त्ववपूर्ण भूमिका निर्वाह गरिआएका छन्। आन्दोलनका क्रममा सहभागिता मात्रदिने होइन, समग्र सहभागिता गराई जुलुसको नेतृत्वदायी भूमिकामा प्रस्तुत भएका छन्। युवालाई लोकतन्त्रको बहाली, पुनर्बहाली र लोकतान्त्रिक आन्दोलनमा प्रयोग मात्र गर्न उनीहरू अभ्यस्त छन्। केही देशले युवालाई राजनीतिमा सहभागी गराउन धेरै प्रकारका कार्यक्रम र रणनीति बनाएका छन्। उनीहरूलाई राजनीतिमा आकर्षित गराउने तरिकाहरूको अवलम्बनसमेत हुन थालेको छ।

आर्थिक विकास र सहयोगसम्बन्धी संस्था (ओईसीडी) ले प्रकाशित गरेको प्रतिवेदनमा ५३ प्रतिशत यस क्षेत्रका देशमा युवाको सक्रिय सहभागितामा राजनीति अघि बढेको उल्लेख छ। राज्यले नै युवालाई राजनीतिमा आकर्षित गर्न प्रशिक्षण, पुनर्ताजगी कार्यक्रमहरू सञ्चालन गरी सबल र इच्छुक बनाउने प्रयास भएको छ। अन्तरसंसदीय संघ (आईपीयू)ले सन् २०२१ मा प्रकाशित गरेको अध्ययन प्रतिवेदनका अनुसार ३० वर्षमुनिका युवाको संसद्मा प्रतिनिधित्व जम्मा तीन प्रतिशतमात्र छ। ६० प्रतिशत यस क्षेत्रका सांसद ४५ वर्षमुनिका छन्। आर्मेनिया, सन्म्यारिनो, ग्याम्बिया र बेल्जियममा १० प्रतिशत सांसद ३० मुनिका छन्।

२१औं शताब्दीको लोकतन्त्रमा केही देशले युवालाई राजनीतिप्रति सचेत बनाउन कार्यक्रम छैन। लेबनान सरकारले स्नातक गर्दै गरेका युवालाई कानुन निर्माण प्रक्रिया र नीति निर्माणका विषयमा सरकार र संसद्मा केही अवधि उपस्थिति गराई अभ्यास गराउँछ। यस प्रकारको अवसर भारत र संयुक्त अधिराज्यले समेत प्रदान गरिराखेका छन्। अन्य देशले पनि यो अभ्यासलाई आत्मसात् गर्दै प्रयोगमा ल्याएका छन्। युवाले जानकारी राख्ने मात्र होइन, यस सम्बन्धमा अनुसन्धान र बृहत् अध्ययनसमेत गर्न आकर्षित भएका छन्।

**नेपालको राजनीतिमा युवाको उपस्थिति**

नेपालको जनसंख्यामा युवा ४०.६८ प्रतिशत छन्। ठूलो जनसंख्या युवाकै छ। नेपालमा युवाबाटै ठूलाठूला राजनीतिक परिवर्तन सम्भव भएका छन्। अप्ठेरो अवस्थामा यो समूह उत्साहित बनी योगदान गरिराखेको छ। नयाँनयाँ अध्ययन र आविष्कार युवाबाटै सम्भव भएको छ। यत्ति ठूलो योगदान र महत्त्वव हुँदै गर्दा पनि युवालाई प्रत्यक्ष राजनीतिमा मूलप्रवाहीकरण गर्न खासै प्रयास भएको छैन। ऊर्जाशील र बौद्धिक क्षमतावान् युवा विदेश पलायन भइराखेका छन्। देशभित्र रोजगारीका अवसर नहुनुले यो स्थिति सिर्जना भएको हो।

बौद्धिक पलायन देशको समृद्धिका लागि प्रत्युत्पादक सिद्ध भएकोमा सन्देह छैन। यही कारण युवाको राजनीतिमा सहभागिता न्यून हुने अवस्था बनेको छ।

देशका १४ प्रतिशत युवा अध्ययन र रोजगारीका लागि उन्नत देशमा छन्। यसका पछाडि देशमा रोजगारीका अवसरहरू उपलब्ध नहुनु र राजनीतिक अस्थिरता र संक्रमणकालको अन्त्य हुने अवस्थासमेत नदेखिनु हो। अत्यन्त न्यून पारिश्रमिकका कारण जीवनयापन गर्न कठिन हुनु हो। देश लामो समयसम्म कठिन अवस्थाको द्वन्द्वबाट प्रभावित हुनुजस्ता कारण छन्। यत्ति ठूलो संख्यामा बौद्धिक पलायन हुनु र ठूलो मात्रामा युवामध्ये पूर्वी देशलगायतमा वैदेशिक रोजगारीमा जानुले देश युवाविहीन बन्दै गएको प्रमाण पेश गर्छ। नेपालका पुरातनशैली र सोचमा अभ्यस्त राजनीतिज्ञहरू युवा पुस्तालाई राजनीतिको नेतृत्व हस्तान्तरण गर्न थोरै मात्र पनि इच्छुक छैनन्।

६० वर्ष माथिकाबाट देश शासित छ। युवाको नेतृत्व विकास गर्ने पक्ष पनि वृद्धनेताहरूको प्राथमिकतामा देखिँदैन। व्यवसायी ज्ञान र अनुभवको कमी भएकाले उनीहरूलाई नेतृत्व प्रदान गर्न नहुने तर्क उनीहरूको छ। संवैधानिक र कानुनी प्रावधानसमेत युवामैत्री छैनन्। युवालाई आकर्षित गर्न सौहार्द्रपूर्ण प्रावधानहरू राखिएका छैनन्। निर्वाचनमा प्रतिस्पर्धा गर्न युवालाई

बाँकी तेश्रो पृष्ठमा

## युवाको...

उत्साहित बनाएका छैनन्। २५ वर्ष पूरा भएको नेपाली नागरिकमात्र प्रदेश र संघको निर्वाचनमा सहभागी हुन सक्छन्। कानुनी प्रावधानहरू युवा प्रतिनिधित्वका लागि सौहार्द्र देखिएनन्।

नेपाल संसद्मा युवाको ५ प्रतिशतमात्र प्रतिनिधित्व छ। यही प्रतिनिधित्व विश्वका देशहरूको सरदर १३.५ प्रतिशत छ। युवालाई प्रोत्साहन गर्ने गरी युवाको दूरदृष्टि २०२५ (नेपालको दसवर्षे रणनीतिक योजनाको एक अंश) ले केही प्रावधान राखेको छ। यद्यपि यसको प्रभावकारितामा प्रश्नचिह्न छ। २०१७ मा सम्पन्न संसदीय निर्वाचनमा ३१ प्रतिशतको युवा सहभागिता थियो। यी प्रतिस्पर्धीको प्रतिशत यस निर्वाचनमा ३२ पुगेको छ। ५० प्रतिशत स्थानमा युवाले प्रतिस्पर्धा गर्न पाउनुपर्ने मागसमेतको ज्ञापन सरकारलाई बुझाउने कार्यसमेत भएको छ। स्थानीय तहको निर्वाचनमा ४० वर्षमुनिका युवा ४१ प्रतिशतले प्रतिस्पर्धा गरेका थिए। निर्वाचनमा पुरानाहरूलाई विस्थापित गरौं भन्ने नारा बुलन्द बनेको थियो।

निष्कर्ष

विश्वभरका युवा यदि राजनीतिमा सहभागिता दिई निर्वाचित भएमा केही समयपश्चात् कुनै दलमा प्रवेश गरेको देखिन्छ। दल प्रवेश नगर्नेहरू राजनीतिक परिदृश्यबाटै पलायन भएको पाइन्छ। नेपालको स्थानीय तहहरूको निर्वाचनमा बालेन, हर्क र गोपाल निर्वाचित भएपश्चात युवा संघीय र प्रदेशको निर्वाचनमा आकर्षित भए। स्थानीय निर्वाचनको तुलनामा संसदीय निर्वाचनमा युवाको अवस्थामा सुधार छ। दलीय व्यवस्थामा दलहरूको देशभर हुने संगठन र सञ्जालका कारण स्वतन्त्र युवालाई दलका उम्मेदवारसँग प्रतिस्पर्धा कठिन हुन्छ। तर पनि दलहरूका कार्य सम्पादनलाई नागरिकले सकारात्मक देख्न नसकेका कारण उनीहरू निराश बन्दै स्वतन्त्र युवाको पक्षमा मतदानमा सरिक भए। युवाले राम्रै संख्यामा स्थान सुरक्षित गरी उत्साहित बनेको अवस्था छ।

संसद्मा निर्णायक संख्यामा युवा छैनन्। सरकारमा सहभागी हुँदा पुरानै शैलीलाई सुधार गर्न कठिन हुन्छ। प्रतिपक्षमा रहँदा प्रमुख प्रतिपक्षको हैसियत उनीहरूको छैन। संसद्मा यी युवा सांसदको प्रस्तुतीकरण संख्यात्मक हिसाबले निर्णायक र प्रभावकारी हुन कठिन छ। युवाले राजनीतिक भविष्य सुरक्षित राख्न जनताप्रतिको इमान्दारिता हुनुपर्छ। उनीहरूले जनता र सुशासनका पक्षमा सडक, सदन र सरकारमा समेत ठूलो दबाब सिर्जना गर्नुपर्छ। तसर्थ युवाको राजनीतिक यात्रा अत्यन्त कठिन छ। मतदाताको आकर्षण अहिलेसम्म युवातर्फ देखिनु आशालाग्दो पक्ष हो। यो नै उनीहरूको राजनीतिक भविष्यको सम्भावना र सुन्दर पक्ष हो। यदि युवासमेत राजनीतिक यात्रामा चुक्दै गए भने आत्मघाती कदम सावित हुनेछ।

**साभार अन्नपूर्णपोष्ट्**

## विमानस्थलको .....

थियो । ऋण भारसँग मतलब राखेको थिएन । अहिले फेरि निर्माण सम्पन्न अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडानका लागि जोड नदिएर उसले अर्को अनुत्तरदायी हर्कत गरेको छ, जसका कारण पर्यटनको अर्बौंको लगानी धरापमा छ । पर्यटन व्यवसायीहरू बैंक कर्जाको एम्बुसमा परेका छन् । सरसर्ती हेर्दा व्यवसायी एम्बुसमा परे पनि बैंकहरूलाई पनि त्यसले मार पार्छ । र, देशकै अर्थतन्त्र यसबाट प्रभावित हुन्छ ।

बुझ्नुपर्ने कुरा के हो भने पूर्वाधार निर्माणजस्तै पर्यटक डाक्ने मूल दायित्व पनि सरकारकै हो । पदमार्ग निर्माण, नयाँ-नयाँ पर्यटन गन्तव्य पहिचान गरी प्रवर्द्धन गर्ने दायित्व उसकै हो । आएका पर्यटकलाई सेवा मात्रै व्यवसायीले दिने हो, तिनको व्यवस्थापन निजी क्षेत्रले गर्ने हो । विमानस्थल राज्यले बनाएपछि जसरी हवाई कम्पनीहरूले सेवा दिन्छन्, त्यसरी नै पर्यटनका पूर्वाधार बनेपछि र पर्यटक डाकेपछि सेवा दिने यस सम्बन्धी व्यवसायीले हो ।

पर्यटन विभाग, पर्यटन बोर्डका कर्मचारी दैनिकजसो पर्यटन प्रवर्द्धनका नाममा युरोप र अमेरिकाको लक्ष्यहीन यात्रामा निस्कन्छन् ।

उनीहरूको कामको प्रतिफल अंकगणितमा निकाल्न मिल्न सक्ने कुनै प्रणाली छैन । विश्वको ४० प्रतिशत जनसंख्या रहेका छिमेकी मुलुक भारत र चीनका पर्यटकलाई पर्यटन बोर्ड र पर्यटन विभागका कर्मचारीले भत्ताको लोभ र मोजका कारण गरेको अवमूल्यांकनका कारण देशले बेहोरेको क्षतिको दण्ड पाउने दफा कुन ऐनमा कहिले लेखिने ? अनावश्यक सेमिनार, अपत्यारिलो हावादारी अनुसन्धानबाट निकालिएका प्रतिवेदन र तथ्यांकको आतंकका कारण पर्यटन व्यवसायीलाई भएको क्षतिको पूर्ति गर्न राज्यले नैतिक जिम्मेवारी लिने कि नलिने ? यस क्षेत्रका मूल प्रश्न यिनै हुन् ।सभार इकान्तिपुर

## तेस्रो..

यायावरको जीवन बिताएका क्रान्तिकारीहरूले आफ्नो जीवनमा स्थायित्वको चाहना राख्नु असहज थिएन । उनीहरूको चाहना स्वाभाविक थियो । दोस्रो जनआन्दोलनभन्दा अघि नै देशको आर्थिक स्थिति अंकमा बलियो र वास्तविकतामा जराजीर्ण थियो । २०४७ सालपछि प्रजातान्त्रिक सरकारले पनि पञ्चायतकालीन निजीकरणको नीतिलाई नै निरन्तरता दियो । नेपालसँग पैसा थिएन । पञ्चायतकालमा अर्थमन्त्री प्रकाशचन्द्र लोहनीले निजीकरणद्वारा आर्थिक सुधारको बाटो खोज्ने जोस देखाएका थिए ।

उनी आर्थिक सुधारको बाटामा थिए । २०४६ सालको परिवर्तनपछि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले नाफा कमाउन असफल सरकारी उद्योग बेच्ने काम गर्‍यो । सरकारका आम्दानीका बाटा सीमित थिए । जलविद्युत् र अरू आयोजनाको विकासमा कुनै गति थिएन । राष्ट्रिय गौरवका भनेर पुलपुल्याइएका प्रायः आयोजना भ्रष्टाचारको डंगुरमा पुरिएका थिए ।

सामाजिक, आर्थिक र राजनीतिक विभेदले समाजलाई छियाछिया पारेको थियो । सेना, प्रहरी र निजामती सेवामा रहेका कर्मचारीहरू जनताका लागि होइन, आफ्नै लागि अग्राधिकार खोज्थे । संविधान निर्माणका क्रममा कैलालीको टीकापुरमा भएको आन्दोलनलाई केलाएर हेर्ने हो भने एउटा सानो बच्चाले पनि यो कुरा बुझेको छ– प्रहरी प्रशासन आफ्नो अर्घेल्याइँको बदला जनतासँग लिएर सर्वोच्चता स्थापित गर्न खोज्दै छ । पहिलो जनआन्दोलनले राजतन्त्रको भूमिका संकुचित बनाउन खोज्यो भने दोस्रो जनआन्दोलनले राजतन्त्रको औचित्य नरहेको फैसला गर्‍यो ।

तर, ती दुवै आन्दोलनले देशले भोगिरहेको मूल समस्याको समाधान खोजेनन् । दोस्रो जनआन्दोलनले 'पापड' का नाममा संगठित भएका संस्थाहरूलाई बलियो तुल्यायो । पेसेवर संगठनमा लागेकाहरूको विकास हलक्कै भयो । डा. गोविन्द केसीको आवाज त बुलन्द भयो, तर उनका उद्देश्यहरू आवाजविहीन भए । डा. केसी आफ्नो महिमा गाएको मन पराउँदैनन् । तर, उनका समर्थकलाई यसको मतलबै छैन ।

दोस्रो ऐतिहासिक राष्ट्रिय जनआन्दोलनले नेपालबाट राजतन्त्रको उन्मूलन गर्‍यो । यो सानो घटना थिएन । एक्काइसौं शताब्दीमा दक्षिण एसियामा नेपाली राजतन्त्रको उपस्थिति प्रतीकात्मक थियो । पहिलो जनआन्दोलनले राजा आफैं शक्तिको स्रोत होइनन् भन्ने स्थापित गरिसकेको थियो । देशको सम्पूर्ण ढुकुटी भारदारहरूको कब्जामा थियो । भारदारहरूको संकेतमा काम गर्थे राजाहरू । अहिलेको अवस्थालाई विहंगम दृष्टिले हेर्ने हो भने लोकतन्त्रका नेताहरूले पनि पुराना भाइ-भारदारहरूको संकेतमा नै काम गरेको देखिनेछ । जनयुद्धका नायक भनेर चिनिएका पुष्पकमल दाहाल प्रचण्डले तेस्रो पटक प्रधानमन्त्री पदको बहाली लिँदा लबेदा-सुरुवाल लगाउनु र माओवादी द्वन्द्वकालमा मारिएका प्रहरी अधिकारीको सम्मानमा सलामी ठोक्नु आफैंमा विडम्बना हो ।

संसद्भवनको प्रांगणमा प्रेमप्रसाद आचार्यले आत्मदाह गर्दा उनको ज्यान जोगाउन न प्रहरीले तत्परता देखायो न त सेनाले नै । अहिले आत्मदाहको प्रसंगसँग लपेटेर सामाजिक सञ्जालमा सक्रिय नेपालीहरूले ट्युनिसियाको घटना र अरब क्रान्तिको सम्झना गरेका छन् । तर, अहिले नेपालको हविगत ट्युनिसियाको भन्दा 'बदतर' छ ।

आजको नेपालमा सामान्य नेपालीका लागि कमाएर खाने पर्याप्त स्पेस नै छैन । त्यसैले साथीहरू खाडीका देशतिर भासिएको गौरवगाथा गाउँछन् र आफैंलाई सहिद बनाउँछन् । सोचौं त, प्रेमप्रसाद आचार्यको अवस्थामा पुग्न लागेका दस जना मात्र नेपालीले संगठित विद्रोहको आवाज उठाए भने के आउला परिणाम ?

अहिले देशमा क्रान्तिकारीहरूको कमी छैन । कीर्तिपुरको बर्न्स अस्पतालमा प्रेमको परिवारलाई समवेदना र सहानुभूति प्रकट गर्न पुगेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेका संकेत र इसारा ठीक थिएनन् । यो देशमा इतिहासको अध्ययन गर्नेहरूको संख्या सारै थोरै छ ।

यो स्तम्भकारको विचारमा अहिले हामी निर्धन नेपालीलाई इतिहास र क्रान्तिको अध्ययनभन्दा पनि थोरै प्रतिष्ठासहितको जीवन बिताउने शक्ति चाहिएको छ । यो रचनात्मक विचार अगाडि बढाउन सकिएन भने हामीले हाम्रो देश जोगाउन सक्नेछैनौं ।

नेपाली जनताको शक्ति कसरी बढाउने ? उनीहरूलाई 'मास डिप्रेसन' बाट जोगाएर अघि बढाउन कसरी सघाउने ? समग्रमा राजनीतिको रंग बदलिएको छ । बदलिएको छैन भने अब बदल्नुपर्छ ।तेस्रो जनआन्दोलन अहिलेसम्मका तमाम आर्थिक र राजनीतिक विकृतिहरूको समाप्तिका लागि हुनुपर्छ । नेपालीले जनताका नाममा गरिने शासन र त्यसका भिन्न प्रणालीहरूको अवस्था आफैंले भोगेका छन् । यति बेला नेपाली जनता ठालुतन्त्रको सिकार भएका छन् । लोकतन्त्रका नाममा सर्वोच्च अदालतदेखि कुमारीचोकसम्म हावी हुँदै गएको ठालुतन्त्रको अन्त्य नभएसम्म देशको अस्तित्व अक्षुण्ण रहन सक्दैन । यी तमाम बेथितिको अन्त्य राजनीतिक दलहरूले आपसी स्वार्थ र खुशामदका आधारमा बनाएको 'रकमी' संविधानले गर्न सक्दैन । त्यसका लागि नेपाली जनताले तेस्रो राष्ट्रिय जनआन्दोलनको आँधीबेहरी ल्याउनुपर्छ ।सभार इकान्तिपुर

## टाँगिया....

बासिन्दा भन्ने दिन गएको बताए । 'टाँगियालाई समस्या मुक्त बनाउने गरी यहाँको कृषि, सडक, सिंचाइ र संचारका लागि काम गर्ने छौं ।' उनले भने। उनीहरु दुवैजना नेकपा एमालेका हुन् ।

निजगढ विमानस्थलबारे सर्वोच्च अदालतको फैसलाको पूर्णपाठ आएको तीन दिनपछि गत असार १८ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्तारुढ गठबन्धनका शीर्ष नेता निजगढ आएका थिए । उनीहरुले निजगढमै विमानस्थल निर्माण अघि बढाउने सन्देश दिन खोजेका थिए ।तर वर्तमान सरकारको कृषि मन्त्रीले भने विमानस्थल बनाउने भनिएकै ठाउँका बासिन्दालाई लालपुर्जा दिने भनेर घोषणा गरेर गएकी छन् ।

टाँगियाबस्तीका बासिन्दा खुशी

लगत संकलनको निस्सा पाइसकेको र लालपूर्जा पाउने आश्वासन सुनेपछि टाँगिया बस्तीका बासिन्दा खुशी छन् ।

'३ विघा, ४ विघा जमिन जोतेका छौं हातमा के छ र ? जग्गाधनी प्रमाण पुर्जा अर्थात लालपुर्जा भइसकेपछि नेपाल राज्यले दिने सेवा सुविधा प्राप्त गर्न सक्छौं', बस्तीका बासिन्दा भन्छन् ।

वडाले जमिनको निस्सा दिएकोमा खुशी लागेको टाँगिया बस्ती सरोकार समितिका अध्यक्ष रमेश सापकोटाले बताए ।

'राज्यले अन्तर्राष्ट्रिय विमानस्थलका नाममा बन्धक बनायो, खानेपानी, विद्युत, स्वास्थ्य, शिक्षा, सिँचाइ जस्ता आधारभूत आवश्यकतामा हामीलाई पछि पार्‍यो', उनले भने 'केही समयअघि बिजुली बालियो । अहिले जमिनको निस्सा पायौं, यो हाम्रो लागि गर्वको कुरा हो ।'

०६८ को जनगणना अनुसार बस्तीमा १ हजार ४७६ घरधुरी रहेकोमा हाल २ हजार पुगेको अनुमान उनीहरुको छ । नेपाल सरकारले ०५१ सालदेखि नै विमानस्थल निर्माण गर्ने भन्दै टाँगियाबस्तीका बासिन्दालाई विकासको पूर्वाधारबाट वञ्चित गरिएको दुखेसो उनीहरु गर्छन् ।

विमानस्थलको चार किल्लामा नम्बरी जमिन पर्ने कोल्हवी नगरपालिका-८ काटगाउँ र कोल्हबीकै ५ नम्बर वडाको ककडी गाउँले मुआब्जा पाइसकेका छन् । पश्चिमतर्फ बग्ने पसाहा खोला र पूर्वतर्फ बग्ने बकैया खोलामा चाहिने जति ड्याम बाँध्ने काम पनि भइसकेको छ ।

तर टाँगिया बस्तीकबासीका लागि कुनै पनि थात थलो जमिनको व्यवस्थापन नगरिएकोले आफूहरु अन्यौलमा रहेको उनीहरु बताउँछन् । पर्यटमन्त्रीहरु आउने आश्वासन दिएर जाने टाँगियाको निकास र व्यवस्थापनको कामलाई टुंगो नलगाउने प्रवृत्तिले टाँगिया बस्तीका बासिन्दा हैरान रहेको उनीहरुको भनाइ छ ।टाँगियाबस्ती सरोकार समितिले २ विघा ५ कट्ठाका दरले जमिन दिनुपर्ने, एक घर एक रोजगारको व्यवस्था गर्नुपर्ने, पूनर्स्थापना गर्दा १८ महिना खान पुग्ने राशन उपलब्ध गराउनुपर्ने, घर सार गर्दा लाग्ने खर्च सरकारले बेहोर्नुपर्ने, भौतिक पूर्वाधार सहितको बस्ती बसाउनुपर्ने, बारा जिल्लाभित्रै जमिन उपलब्ध गराउनुपर्ने, लालपुर्जा सहितको जमिन उपलब्ध गराउनुपर्ने र पुनर्स्थापना गरिएको घर परिवारको परिचय कार्ड उपलब्ध गराउनुपर्ने माग उनीहरुको छ ।

भूमि आयोग बेखबर

निस्सा वितरण कार्यक्रममा राष्ट्रिय भूमि आयोग, विमानस्थल आयोजना कार्यालय र डिभिजन वन कार्यालय बारा तीनवटै सरोकारवालालाई बोलाइएको थिएन ।राष्ट्रिय भूमि आयोग बाराका अध्यक्ष छविलाल उप्रेतीले टाँगिया बस्तीको लगत संकलन गरेर निस्सा वितरण गरेकोबारे जानकारी नभएको बताए ।

'लगत संकलनपछि दर्ता गरेर वडाले निस्सा बाँडेको होला, हाम्रो अधिकारको कुरा हैन । अन्य ठाउँमा निस्सा वितरण गर्दा बोलाउँथे । त्यहाँ किन बोलाएनन थाहा भएन', उनले भने, 'मन्त्री कसरी गए ? सांसद कसरी गए ? आयोग छ बारा जिल्लामा विघटन भएको छैन । अमिन खटाउने काम हाम्रो हो, तत्काल टाँगिया बस्तीमा अमिन खटाउन सक्ने अवस्था छैन ।'

१० वर्ष भन्दा बढी भोगचलन गरेको मान्छेको जग्गा वडामा दर्ता हुनु स्वभाविक भएको उनले बताए । तत्कालीन प्रधानमन्त्री देउवा आउँदा आफूले टाँगियाबस्तीलाई लालपुर्जा दिनुपर्ने अवस्था रहेको कुरा राखेको उनले स्मरण गरे ।

'नयाँ कानुन परिपक्व छ, टाँगिया बस्तीलाई पुर्जा दिनुपर्ने अवस्था आयो, एकातिर राष्ट्रिय सरोकारको विषय भनेर अन्तर्राष्ट्रिय विमानस्थलको कुरा गर्नुहुन्छ । अर्कोतिर कानुनी अधिकार अर्को छ भनेर मैले तत्कालीन प्रधानमन्त्री सहितको टोलीलाई भनेको हुँ', उनले भने ।

अहिले टाँगिया बस्तीलाई लिएर राजनीति भइरहेको उनले बताए ।प्रस्तावित निजगढ विमानस्थल आयोजना कार्यालयका प्रमुख विजय यादवले पनि निस्सा वितरण गरिएकोबारे कुनै जानकारी नभएको बताए । टाँगियाबस्ती स्थानान्तरण नगरी विमानस्थल नबन्ने बताउँदै उनले त्यसका लागि सबैको साथ र सहयोग चाहिने उनले बताए ।

'सर्वोच्चको फैसलापछि गठित विज्ञ टोलीले निजगढ नै निर्विकल्प भनेको छ । त्यो रिपोर्ट प्रधामन्त्री कार्यालयमा बुझाइएको छ', उनले भने, 'त्यसपछि कुनै निर्देशन आएको छैन, तर हामीले प्रष्ट भनेकै छौं टाँगियाबस्ती स्थान्तरण नगरी एयरपोर्ट बन्दैन, व्यवस्थापनका लागि सबैको साथ र सहयोग चाहिन्छ ।'डिभिजन वन कार्यालय बाराका प्रमुख विनोद सिंहले टाँगियाबस्ती राष्ट्रिय वन क्षेत्र भित्र पर्ने भए पनि कुनै पनि कार्य गर्दा वनसँग समन्वय गर्नुपर्ने बताए ।

'टाँगिया बस्ती राष्ट्रिय वन क्षेत्रभित्र पर्छ, बस्ती नै अवैधानिक छ । जसरी जनसंख्या बढ्दै जान्छ, त्यसरी नै वन अतिक्रमण बढ्दै जाने गरेको छ । रुख लगाउन पनि दिँदैनन्', उनले भने, 'जानकारी पनि हुँदैन, रातारात बसेर के गर्नुहुन्छ । वन क्षेत्रभित्र पर्ने ठाउँ वनले हेर्ने हो कि ? अर्को ऐनले पनि काम गर्न पाइन्छ कि पाइँदैन । नेपाल सरकारले ठोस कानुन बनाइदिनुपर्छ ।'

वडा अध्यक्ष खरेल भन्छन : जनतालाई बन्धक बनाउन पाइँदैन

जीतपुरसिमराका पूर्वमेयर कृष्ण पौडेलले टाँगिया बस्तीलाई जीतपुरसिमरा-१६ पिलुवा, वडा नं. १७ को रामनगर हरैया क्षेत्रको भूभाग र कोल्हवी नगरपालिकाको उत्तर तामागढी क्षेत्रमध्ये एक ठाउँमा स्थानान्तरण गर्ने गरी छलफल अघि बढाएका थिए ।

स्थान्तरण गरिने स्थानमा एकीकृत नमुना बस्ती निर्माण गर्ने र त्यसका लागि ४ अर्ब लाग्ने अनुमान विमानस्थल निर्माण आयोजना कार्यालयले गरेको थियो ।

तर अहिलेका नगर प्रमुख राजन पौडेल टाँगियाबस्तीको सन्दर्भमा बोलिरहेका छैनन् । उनी निस्सा वितरण गर्ने कार्यक्रममा पनि सहभागी थिएनन् । वडा नं.१६ का अध्यक्ष हरिदेव खरेल भने जसरी पनि टाँगियाबस्तीका बासिन्दालाई लालपुर्जा दिलाउने पक्षमा छन् ।

'सञ्चारसँग जोडिएको छैन, विकासका पूर्वाधारबाट पछाडि परेको छ, राज्यलाई कर तिरेका छैनन् । खेतीको इन्स्योरेन्स छैन, जंगली जनावरले दुःख दिन्छ', उनले भने, '४५ वर्षदेखि बसेको जमिन हो । घर बनेको छ । ०५१ सालदेखि एयरपोर्ट कागजमै सीमित छ । १० वर्षदेखि बसोबास गरिरहेको क्षेत्रमा जसले भोग गरेको छ त्यसैलाई दिने नीति सरकारले नै लिएको छ, त्यसैले लगत संकलन गरेर निस्सा प्रदान गरेका हौं । यो हाम्रो ड्युटी पनि हो ।'राष्ट्रिय भूमि आयोग बाराका विज्ञ सदस्य केदार गौतमसँगको समन्वयमा टाँगिया बस्तीमा लगत संकलन गरेको दाबी उनको छ । वडाले भदौ २१ गतेदेखि नै वडाबासी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गरिरहेको बताउँदै उनले टाँगिया बस्तीमा १ हजार ६६४ जनाको लगत संकलन भएको समेत बताए ।'डेढ सय विघा भन्दा बढीलाई मुआब्जा दिएर लगानी लगाइसकेको ठाउँ हो त्यो । तर त्यहाँ बसेका जनतालाई बेवारिसे बनाउन कुरा त भएन, उनीहरुको पनि समस्या समाधान हुनुपर्छ', उनले भने, 'विकासको विरोध गरेको हैन, जनताले न्याय पाउनुपर्छ भन्ने मान्यता हो । राज्यले आवश्यकता पर्दा उचित क्षतिपूर्ति वा मुआब्जा दिएर जमिन लिन सक्छ । '

विमानस्थल बनाउने नाममा जनतालाई बन्धक बनाएर राख्न नमिल्ने उनको तर्क छ । उनले भने, 'वर्षेनी १ करोड लगानी भइरहेको छ । यदि एयरपोर्ट बनाउने हो भने दुई लाइन कुरा क्लियर गर्नुपर्छ । २०५१ सालदेखि एयरपोर्ट बनाउने कुरा उठेको हो आज २०७९ साल भइसक्यो, मौखिक वा कागजमा मात्रै सीमित छ । एयरपोर्ट बनाउने नाममा जनतालाई बन्धक बनाएर राख्न पाइँदैन ।'सभार अनलाई खबर

## मेयर....

क्षमता अभिबृद्धी को लागी महानगर पालिका प्राधिकरण सित सहकार्य गर्न तयार रहेको बताउनु भयो । प्राधिकरण का अध्यक्ष श्यामसुन्दर यादवले बीरगन्ज महानगर पालिकाले दिइने लोककल्याणकारी बिज्ञापन दिने कार्यको प्रशंसा गर्नु भएको थियो । उहिले चाडै बीरगन्जमा तालिमको आयोजना गरिने बताए ।

छलफलमा महानगर का प्रेस सल्लाहकार महेश दास , प्राधिकरणका सदस्यहरु प्रतिमा चौधरी , मनोज कुमार यादव र रासस को मधेस प्रमुख राजु विश्वकर्मा सहभागी हुनुहुन्थ्यो ।

## मोटरसाईकल हराएको सुचना !!!

**वीरगन्ज महानगरपालिका वडा नम्बर २१ लिपनीविर्ता निवासी राकेश उपाध्यायको वीरगन्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नाममा रहेको प्रदेश २-०३-०१८ प ६६२३ नम्बरको कालो रंगको १२४.७ सिसिको इन्जिन नम्बर JA05EGM9H01750 र चयासिस नम्बर :BLIJAW099M9H01773 रहेको कालो रंगको सुपर स्पेलण्डर मोटरसाइकल वीरगन्ज महानगरपालिका वडा नम्बर ८ स्थित रहेको मेघा बैंक अगाडि पार्किङ गरि राखेको अवस्थामा माघ १७ गते चोरी भएको हुनाले पाउनु हुने महानुभावहरूले नजिकको प्रहरी चौकी वा मोबाइल नम्बर ९८४५२३३४८२ मा सम्पर्क गर्न हार्दिक आग्रह गर्दैछु ।**

**राकेश उपाध्याय**
**मो नं. ९८४५२३३४८२**

# ४१ लाख ८६ हजार मूल्य बराबरको सामान सहितको ट्रक प्रहरी नियन्त्रणमा



१७ माघ, वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय पर्साले बिल विजक भन्दा बढी मालसामन लोड गरेको एउटा ट्रकलाई नियन्त्रणमा लिएर राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ।

सिर्सिया भंसार कार्यालयबाट जाँचपास गरी निस्केको ना २ ख ८५१९ नम्वरको ट्रकलाई वीरगञ्जको बहुअरी सडक खण्डबाट प्रहरीले नियन्त्रणमा लिएरका जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरिक्षक निर्मल बुढाथोकीले बताए ।जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार बिल विजक भन्दा बढी विभिन्न खुद्रा तथा लत्ताकपडाहरू लगायतका मालबस्तुहरू बोकेको ट्रक वीरगञ्जबाट काठमाण्डौतर्फ गईरहेको छ भन्ने सूचनाका आधारमा रोकी जाँच गर्ने क्रममा विल बिजक संकास्पद देखिएको हुँदा ४१ लख ८६ हजार ५७८ बराबरको ट्रक र सो भित्र लोड रहेको सामानको मूल्यांकन गरी थप अनुसन्धानका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको छ।

# टाँगिया बस्तीमा राजनीतिःविमानस्थल बनाउने कि बस्ती बसाउने ?

**१७ माघ, वीरगञ्ज ।** प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा विस्थापित हुने बाराको टाँगिया बस्तीमा सरकार नै लालपूर्जा वितरणको अभियानमा लागेको छ।

निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाएरै छोड्ने अठोट लिएको संघीय सरकारका एक मन्त्रीकै उपस्थितिमा टाँगिया बस्तीमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलनको निस्सा वितरण गरिएको छ ।टाँगियाबस्तीका ३ सय परिवारलाई लगत संकलनको निस्सा वितरण गरेपछि कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साहले लालपुर्जा दिलाएरै छोड्ने अठोट गरेकी छन्।

सर्वोच्च अदालतले फैसलापछि गठित विज्ञ समितिले निजगढमै अन्तर्राष्ट्रिय विमानस्थल बन्न सक्ने प्रतिवेदन दिँदा टाँगिया बस्तीमा धावनमार्ग बनाउन सिफारिस गरेको छ । तर सरकारकै मन्त्रीले सुकुम्बासीलाई टाँगिया बस्तीको जमिन वितरण गर्ने गरी निस्सा वितरण गरेकाले टाँगियाबस्तीको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ।

विज्ञ समितिले सरोकारवालासँग समन्वय गरी तुरुन्त साइट अफिस खडा गरेर मुआब्जा दिई बस्ती सार्ने, जग्गा अधिग्रहण गर्ने, क्षेत्रभित्र पर्ने जग्गाको सुरक्षा लगायतको काम गरेर निर्माणको काम द्रुत गतिमा अगाडि बढाउन सिफारिस गरेको थियो ।तर टाँगिया बस्ती स्थानान्तरण गरी उचित बसोबासको प्रबन्ध मिलाउन सघाउनुपर्ने जनप्रतिनिधिहरु भने भूमिहीनलाई त्यहीँको जग्गाको लालपुर्जा वितरण गर्ने अभियानमा लागेका छन् ।जीतपुरसिमरा उपमहानगरपालिका-१६ मा पर्ने टाँगियाबस्तीलाई लिएर स्थानीयदेखि केन्द्रीय नेताले राजनीतिक दुनो सोभ्याउने काम गर्न थालेको आरोप कतिपयले लगाइरहेका छन्।

छ महिनाभित्र लालपूर्जा दिने अठोट

शनिबार वडा कार्यालयले निस्सा वितरण गर्दा राष्ट्रिय भूमि आयोग, प्रस्तावित विमानस्थल आयोजना कार्यालय र डिभिजन वन कार्यालयका प्रतिनिधि थिएनन्। जबकी टाँगिया बस्तीले राष्ट्रिय वन क्षेत्रको ५ सय ३३ हेक्टर जमिन ओगटेको छ।

'निस्सा मात्रै पाउने हैन, एउटा मन्त्री भएको हिसाबले भन्दैछु। ६ महिना भित्र लालपुर्जा दिनेगरी काम अगाडि बढाउँछु', मन्त्री साहले भनिन्, 'जबसम्म यहाँको जनताले लालपूर्जा पाउन सक्दैनन् । तबसम्म म निरन्तर गम्भीर भएर लाग्ने प्रतिबद्धता जनाउँछु ।'अहिले लिएको निस्साको जतन गर्न अनुरोध गर्दै उनले छिट्टै डिजिटल मेसिनबाट नापी गराएर आवश्यक तयारी गरेर राख्ने समेत बताइन् । यो ट्रेलर मात्रै सुरु भएको हो भन्दै उनले टाँगिया बस्तीका जनताको अनुहार हँसिलो बनाउन लागि परेको दाबी गरिन्। मन्त्री ज्वाला बारा क्षेत्र नं. ३ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य हुन्।

बारा क्षेत्र नं. ३ प्रदेश सभा क्षेत्र न १ बाट निर्वाचित प्रदेशसभा सदस्य रविन्द्रदास श्रेष्ठ पनि निस्सा वितरण कार्यक्रममा सहभागी थिए । उनले टाँगिया बस्तीका बासिन्दालाई वन क्षेत्रका

***बाँकी तेश्रो पृष्ठमा***

# कोरोनाका बेला अक्सिजन अभाव झेलेको नारायणी अस्पतालमा अहिले पर्याप्त

पर्सा – कोरोनाकालमा अक्सिजनको चरम अभाव भोगेको वीरगन्जस्थित नारायणी अस्पतालमा अहिले भने पर्याप्त छ । हाल अस्पताल परिसरमा २ वटा अक्सिजन प्लान्ट सञ्चालनमा छन् भने अर्को एक प्लान्टको उपकरण जडान नै नगरी राखिएको छ। हालकै प्लान्टबाट उत्पादन भएको अक्सिजन अस्पतालको मागभन्दा बढी भएपछि तेस्रो प्लान्टका उपकरण जडान नगरिएको हो।

अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार डेढ वर्ष अघि लिक्विड अक्सिजन प्लान्ट सञ्चालनमा आएको हो। 'नेपाल सरकारको लगानीमा जडान गरिएको यो प्लान्टले एक पटकमा २० टन अक्सिजन उत्पादन गरिरहेको छ,' उनले भने, 'जसले अस्पतालको अक्सिजनको माग १ देखि डेढ महिनासम्म सहजै धानि रहेको छ ।' त्यस बाहेक निवर्तमान सांसद बिमल श्रीवास्तवको संसदीय कोषको रकमबाट करिब एक वर्षअघि अस्पताल परिसरमा अर्को अक्सिजन प्लान्ट जडान गरिएको थियो । '२० टन क्षमताको प्रेसर स्विङ एडजर्पसन प्लान्टले एक दिनमा करिब एक सय अक्सिजन सिलिन्डर भर्न सक्छ,' उनले भने, 'अत्यधिक बिजुली खपत गर्ने भएकाले यो प्लान्ट हामी पूर्णकालीन रुपमा चलाउँदैनौं, तर बेला बेलामा सञ्चालन गरी यसबाट उत्पादित अक्सिजन प्रयोग गरिरहेका छौं ।'

लिक्विड प्लान्टको अक्सिजन अस्पतालमा पाइप प्रणालीबाट समेत वितरण गरिएको छ।



अस्पतालको हालको माग दैनिक ४ सय सिलिन्डर मात्र रहेकाले लिक्विड प्लान्टबाट उत्पादित अक्सिजनले हालको माग धानिरहेको उनले बताए । अस्फताललले अतिरिक्त अक्सिजन बित्री गर्न नमिल्ने भएकाले मागसँग तालमेल मिलाएर मात्रै प्लान्टहरु सञ्चालन गरिएको उनले बताए। अस्पतालको स्वीकृत शय्या २ सय ५० हो भने अस्पताल प्रशासनले बिरामीको चाप धान्न ४ सय शय्या सञ्चालन गरेको छ।

अस्पतालमा दैनिक ६ सय देखि ७ सयको हाराहारीमा बिरामीले ओपीडी सेवा लिन्छन् । पर्सा, बारा, रौतहट, सर्लाहीबाट मात्र नभई छिमेकी मुलुक भारतबाट समेत बिरामीहरु यो अस्पतालमा उपचार गराउन आउँछन् ।करिब १ वर्षअघि नै नेपाल सरकारबाट प्राप्त तेस्रो अक्सिजन प्लान्ट जडान नै नगरी राखिएको सिंहले बताए । 'यो पनि २० टन क्षमताको प्रेसर स्विङ एडजर्पसन प्लान्ट नै हो,' उनले भने, 'रिफिल सिस्टमको यो प्लान्टबाट सिलिन्डरमा अक्सिजन भर्ने र पाइपबाट वितरण दुवै गर्न सकिन्छ।' कोभिड महामारीको दोस्रो लहरमा अस्पतालमा बिरामीको अत्यधिक चाप हुँदा अस्पताललाई दैनिक ५ सय सिलिन्डरसम्म अक्सिजनको आवश्यकता थियो। त्यतिबेला केही दिन अक्सिजनको अभाव समेत भएको थियो।

कोभिड तेस्रो लहरमा भने अक्सिजनको अभाव झेल्नु नपरेको सिंहले बताए। डा सिंहले भविष्यमा कोरोनाको लहर आएर अस्पतालमा संक्रमितको चाप भए पनि अब विगतमाजस्तो अभाव झेल्नु नपर्ने उनले दाबी गरे।

# प्रचण्डलाई एमालेबाट टुटाएर कांग्रेसतिर ल्याउन जोड गरिरहेका छौं : नेता पौडेल



तनहुँ – नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले एमाले नेतृत्वको गठबन्धनबाट टुटाएर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई कांग्रेसतिर ल्याउने कोसिस भइरहेको बताएका छन्।

शहीद सप्ताहको अवसरमा कांग्रेस तनहुँले मंगलबार दमौलीमा गरेको वर्तमान अवस्थामा नेपाली कांग्रेसको भूमिका विषयक अन्तरक्रियामा नेता पौडेलले भने, 'प्रचण्डलाई एमालेसँगको गठबन्धन टुटाएर आफूतिर ल्याउन कांग्रेसले जोड गरिरहेको छ।' उनले अहिले कांग्रेसको मुख्य ध्यान राष्ट्रपति प्राप्ति भएको समेत बताए।

निर्वाचन आयोगले फागुन २५ गते राष्ट्रपति निर्वाचनको मिति तय गरेको छ। राष्ट्रपतिको विषयमा राष्ट्रिय सहमति खोजिने माओवादी केन्द्रको निर्णय छ । तर, एमालेले सत्ता गठबन्धनभित्रको सहमतिअनुसार आफ्नो दलले राष्ट्रपतिको उम्मेदवार बनाउनुपाउनु पर्ने बताइरहेको छ।


**जिराभवानी गाउँपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय**

**सेढवा, पर्सा**

**मधेश प्रदेश, नेपाल**

**सुचना। सुचना ।। सुचना ।।।**

**(प्रथम पटक प्रकाशित मिति २०७९/ १०/ १८ गते)**

प्रस्तुत बिषयमा यस जिराभवानी गाउँपालिकाको मिति २०७९/१०/१७ गतेको गाउँ कार्यापालिकाको निर्णानुसार वडा नं. १ मा रहेको जिराभवानी मन्दिरमा प्रत्येक वर्ष झैं यस पटक पनि ऐतिहासिक मेला लाग्ने भएकोले मेला अवधिभरको लागी मेला ठेक्कामा लगाई कर उठाउने प्रयोजनको लागी स्थानीय सरकार संञ्चालन ऐन, २०७४ अनुसार देहायमा उल्लेखित शर्त बमोजिम गोप्य शिलबन्दी ठेक्का अह्वान गरिएको छ। इच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र ठेक्का सम्बन्धी दररेट खरिद गरी गोप्य शिलबन्दी ठेक्कामा भाग लिन इच्छुक सर्वसाधारण सबै महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का सुचना नं. | ठेक्का नाम | स्थान | न्युनतम कबोल अंक | ठेक्का फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | JRM/REV/ 03/2079/80 | जिराभवानी मेलाबाट राजस्व संकलन गर्ने | वडा नं.१ र २ | ३,९५,६०० /- | १०००/- |

तपसिल

**क. गोप्य शिलबन्दी ठेक्का फाराम बिक्री हुने मिति - २०७९/ १०/ १८ देखि २०७९/ १०/ २४ गते सम्म बेलुका ५ बजे सम्म**

**ख. गोप्य शिलबन्दी ठेक्का फाराम बुझाउने मिति -२०७९/ १०/ २५गते सम्म दिउासो १२:०० बजे सम्म।**

**ग.** गोप्य शिलबन्दी ठेक्का फाराम खुल्ने मिति -२०७९/१० / २५ गते दिउँसो १:०० बजे।

**घ.** गोप्य शिलबन्दी ठेक्का फाराम बिक्री हुने, बुझाउने स्थान - जिराभवानी गाउँपालिकाको कार्यालय, सेढवा, पर्सा।

**ङ.** शिलबन्दी ठेक्का फाराम खोल्ने स्थान जिराभवानी गाउँपालिकाको कार्यालय, सेढवा, पर्सा।

तपसिल शर्तहरु

१. ठेक्का लिने व्यक्ति वा संस्था नेपाली हुनु पर्नेछ।

२. ठेक्का कबोल अंकको ५ प्रतिशत रकम श्री एन.आई.सी.एशिया बैक, जगरनाथपुरमा रहेको यस कार्यालयको धरौटी खाता नं . २३१२०५००२७९८४००६ मा जम्मा गरी सक्कलै बैंक भौचर संलग्न राखी दर्ता गर्नुपर्नेछ। ठेक्का फाराममा उल्लेखित रकम र धरौटी रकम फरक पर्न गएमा धरौटी रकमलाई आधार मानिनेछ।

३. रित नपुगेको तथा समयभित्र दर्ता नगराएका ठेक्का स्वीकृत गरिने छैन।

४. ठेक्का स्वीकृत वा खारेज गर्ने संम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित राखिएको छ।

५. ठेक्का सकार गरेको सम्पुर्ण रकम ठेक्का सदर भएको मितिले ३ दिन भित्र एकै पटक जम्मा गरी कार्यादेश लिनुपर्नेछ।

६. मेला गैर कानुनी खेल, तामासा तथा अबैध क्रियाकलाप संचालन गर्न गराउन पाईने छैन्। गरेर गराएमा सो को सम्पूर्ण जिम्मेवारी ठेक्का लिने व्यक्ति, संस्था वा कम्पनीको हुनेछ।

७. मेलाको ठेक्का सकार गर्ने व्यक्ति वा संस्थाले मिति २०७९/१०/१७ गते गाउँ कार्यापालिकाको बैठकले स्वीकृत गरेको दररेटमा राजस्व संकलन गर्नुपर्ने छ। उक्त दररेट ठेक्का फाराम सगै उपलब्ध गराईने छ।

८. अन्य कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**


***बाँकी तेश्रो***